# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.

**हवाईमार्गबाट खाद्यवस्तु ढुवानी बोलपत्र सूचना संशोधन गरिएको सूचना**

**प्रकाशित मिति २०७८/०५/०४**

यस कम्पनीबाट मिति २०७८/०४/१५ गतेका दिन नेपालगंज र सुर्खेत देखि हुम्ला सिमकोट सम्म हवाईमार्गद्वारा खाद्य वस्तु ढुवानीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गर्दा बोलपत्र पेश गर्न इच्छुक हवाई कम्पनी वा कार्गो एजेन्सी मूल्य अभिवद्धि करमा दर्ता भएको हुनुपर्ने प्रावधान राखीएकोमा उक्त व्यवस्थालाई संशोधन गरी मूल्य अभिवृद्धि करमा दर्ता भएका वा स्थायी लेखा (PAN) नं. प्राप्त गरेका इच्छुक एयरलाइन्स र कार्गो एजेन्सीहरुले उक्त सूचनाको बुदा नं.६ र १२(छ) को तपशिल बमोजिमको संशोधित व्यवस्था अनुसारको कागजात समेत पेश गरी बोलपत्र प्रकृयामा सहभागी हुन पाउने गरी उक्त सूचना संशोधन गरीएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

६. "बोलपत्र प्रकृयामा सहभागी हुन चाहने हवाई कम्पनीहरुले आर्थिक वर्ष २०७५/०७६ देखि २०७७/०७८ सम्म ३ आर्थिक वर्षमा दुर्गम, पहाडी तथा हिमाली जिल्लामा १२ करोड बराबरको कार्गो ढुवानी भएको संस्थागत भुक्तानी विवरणको बैंक स्टेटमेन्ट र तोकिए बमोजिमको कार्य सम्पन्न गरेको अनुभवको कागजात बोलपत्रसाथ पेश गर्नुपर्ने छ। अन्यथा त्यस्ता बोलपत्रहरुलाई मान्यता दिइने छैन"।

१२.(छ) एयर कार्गो सर्भिस/एजन्सीले बोलपत्र प्रकृयामा भाग लिने भएमा दुर्गम पहाडी तथा हिमाली जिल्लामा उडान भर्ने हवाई जहाज (Fix Wings) कम्पनीले जहाज संचालनका लागि नेपाल नागरिक उड्डयन प्राधिकरणबाट अनुमति (AOC) प्राप्त गरेको हवाई कम्पनिसँग कम्तीमा ३ वटा हवाईजहाज उपलब्ध गराउन सकिने भनी कुनै एउटा मात्र एयर कार्गो सर्भिस/एजेन्सीलाई मात्र जहाज भाडामा लिने दिने गरी भएको संझौताको प्रतिलिपी पेश गर्नुपर्ने छ।त्यस्ता कार्गो एजेन्सीले हवाई जहाजबाट विगत ३ वर्षमा (आ.व.२०७५/०७६ देखि २०७७/०७८ सम्म) दुर्गम पहाडी जिल्लाहरुमा न्यूनतम १२ करोड बराबरको हवाई जहाज कम्पनीसंग ढुवानी कारोबार गरेको बैंक स्टेटमेन्ट लगायत कागजात र अनुभवको प्रमाणपत्र पेश गर्नुपर्ने छ ।

**खरिद एकाई, प्रधान कार्यालय,काठमाडौं,फोन नं.०१-४२५५८६५, website:www.fmtcl.org.np**